



## ट्वान्टी ग्यारेन्टी

# पाँच वर्ष : एमालेले गर्छ



## १ पहिलो सेसन: समृद्धि अधिवेशन

- समृद्धिको अभियानमा बाधक रहेका नीतिहरु सुधार गर्ने
- अति राजनीतिकरणका कारण असक्षम रहेका राज्यका विभिन्न संस्थाहरुलाई पुनरसंरचना गरी सक्षम र व्यावसायिक बनाउने छ
- नागरिक प्रशासनलाई सक्षम, व्यावसायिक र जनताप्रति उत्तरदायि बनाउने
- राज्यका निकायहरुबीच अन्तरनिकाय समन्वयको प्रभावकारी व्यवस्था गर्ने
- कार्यसंपादनको ग्यारेण्टी गर्न अनुगमनकारी संरचना निर्माण गर्ने



## २ नागरिकता: नेपालीलाई मात्र


सरकार गठन भएको ––

- १ महिनाभित्र नेपाली नागरिकका सन्तानले नागरिकता नपाउने अवस्था अन्त्य गर्ने
- ६ महिनाभित्र नागरिकता सम्बन्धी अन्य समस्या हल गर्ने
- १ वर्षभित्र राष्ट्रिय परिचयपत्र वितरण गरिसक्ने।



## ३ हङ्गर : नो लङ्गर

- ७५३ पालिकामा खाद्य भण्डार स्थापना गर्ने
- ७ प्रदेशमा खाद्य गुणस्तर मापन तथा निर्धारण प्रयोगशाला स्थापना गर्ने
- खाने बानीमा परिवर्तन गरि ५ वर्षमा ५ लाख परिवारलाई खाद्य सुरक्षा दिने
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत् ५ वर्षमा १५ लाख परिवारलाई खाद्य सुरक्षा प्रदान गर्ने।



## ४ उत्पादन स्वदेशी:बजार विदेशी

- खाद्यवस्तु, जुत्ता, औषधि, सिमेण्ट जस्ता स्वदेशमा उत्पादन हुने वस्तुहरुको उपभोगमा प्रोत्साहन गर्ने

- यस्ता उत्पादनमा प्रोत्साहन गर्न सहकारी तथा निजी क्षेत्रलाई कर, विद्युत महसूल तथा ऋणमा उपयुक्त व्याज अनुदान दिने
- भन्सारका माध्यमवाट समेत स्वदेशी उद्योगलाई संरक्षण गर्ने ।



## ५ सुरक्षित छाना: सबैको चाहना

- कुनै पनि नेपाली नागरिक आवास विहीन वा सडक मानवको अवस्थामा नरहने ग्यारेण्टी गर्ने
- आवासको अधिकारलाई सुनिश्चित गर्न ‘जनता आवास’ तथा ‘सुरक्षित आवास’ कार्यक्रमलाई प्रभावकारी बनाउने
- असुरक्षित वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने
- सञ्चयकोषका सञ्चयकर्ता तथा नागरिक लगानी कोषका वचतकर्तालाई ती कोषको लगानीमा आवास सुविधा उपलव्ध गराउने
- सबै आवासहरु सुरक्षित र आधारभूत सुविधासहितका बनाउने ।



## ६ कमाइ : युवाको रोजाइ

- काम, रोजगारी र सामाजिक सुरक्षाको प्रबन्धबाट सबैका लागि काम र नियमित कमाइ सुनिश्चित गर्ने
- रोजगारी सिर्जना हुने क्षेत्रमा राज्यको लगानी बढाउने र रोजगारी एवम् उद्यमशिलता उन्मुख स्वरोजगारीका लागि सीप, पुँजी र व्यावसायिक तालिम दिने
- सुरुवाती व्यवसाय गर्न चाहिने विजपुँजी सहुलियतपूर्ण व्याजदरमा उपलब्ध गराउने
- ५ बर्षमा रोजगारी र स्वरोजगारी गरी २५ लाख रोजगारी सिर्जना गर्ने ।




## ७ पढाइ : भविष्यको जग बसाइ

- आगामी दुई वर्षमा देशलाई पूर्ण साक्षर बनाउने
- कम्तिमा दुईवटाका दरले ७५३ पालिकामा १ हजार ५०६ प्राविधिक विद्यालय सञ्चालन गर्ने
- उच्च शिक्षा अध्ययनको लागि विदेश जानुपर्ने बाध्यकारी अवस्था अन्त्य गर्ने ।



## ८ प्रेसर–सुगर : भइन्न बिरामी औषधि बेगर

- ७५३ वटै पालिकामा आधारभूत स्वास्थ्य सुविधा पुऱ्याउने
- ६० बर्षभन्दा माथिका नागरिकका लागि उच्च रक्तचाप र मधुमेह रोगको नि:शुल्क परिक्षण तथा औषधि उपलब्ध गराउने
- सहज स्वास्थोपचारका लागि नागरिकलाई प्रभावकारी स्वास्थ्य विमा कार्यक्रम आबद्ध गर्ने
- ७५३ वटै पालिकामा आधारभूत अस्पताल र ७ वटै प्रदेशहरुमा विशिष्टकृत अस्पतालको व्यवस्था गर्ने
- सबै बालबालिकालाई पूर्ण खोप ग्यारेण्टी गर्ने
- अधिकांश रोगको उपचार स्वदेशमा नै हुने प्रबन्ध गर्ने।
- सबै नागरिकलाई निरोगी रहने उपाय अबलम्बन गर्न सचेत गराइने छ।



## ९ फ्रि मिटर: दश हजार लिटर


- आगामी २ वर्षभित्रै सबै परिवारमा आधारभूत पिउनेपानीको सुविधा पुऱ्याउने
- सबै परिवारलाई मासिक १० हजार लिटरसम्म पानी नि:शुल्क उपलब्ध गराउने
- फोहरको वैज्ञानिक व्यवस्थापन गर्ने।



## १० फ्रि युनिट : ५० युनिट

- २ वर्षमा विद्युतमा सबैको पहुँच पुऱ्याउने
- सबै परिवारलाई वर्षायाममा मासिक ५० युनिट र हिउँद याममा मासिक ३० युनिट विद्युत नि:शुल्क उपलब्ध गराउने
- ५ वर्षमा विद्युत उत्पादन क्षमता ६५०० मेगावाट पुर्याउने
- प्रतिव्यक्ति विद्यूत खपत ७०० किलोवाट प्रतिघण्टा पुऱ्याउने।

## ११ खेत बारीमा पानी: खाडीमा हैन, स्वदेशमा जवानी





- आगामी ३ वर्षमा सतह तथा भूमिगत सिंचाईवाट तराई मधेसको थप ३ लाख हेक्टर जमीन सिञ्चित गर्ने
- सिंचाईका लागि वर्षायामको विजुली महसूलमा ५० प्रतिशत र हिउँदयामको विजुलीमा २५ प्रतिशत छूट दिने
- कृषि आधारित उद्योगमा सङ्लग्न हुने युवा तथा वैदेशिक रोजगारीबाट फर्केका नेपालीहरूलाई ऋण तथा सहुलियतका स्किमहरू ल्याइने
- कृषि उपजको समर्थन मूल्य तोक्ने, कृषि उपजको बीमा गर्ने र कृषि उपजको व्यावसायिक उत्पादन कर्तासंग अग्रिम कृषि उपज खरिद संझौता गर्ने।

## १२ दिनदिनै सडक विस्तार: विकासका पूर्वाधारको आधार




- ७७ वटै जिल्ला सदरमुकामलाई रणनीतिक सडक सञ्जालमा जोड्ने
- २ वर्ष भित्र ७५३ वटै पालिकाका केन्द्र जोड्ने पक्कि सडक निर्माण गरिसक्ने
- निर्माणधिन राष्ट्रिय राजमार्ग र रणनीतिक सडकहरु ५ बर्षभित्र सम्पन्न गर्ने
- भौगोलिक विकटताले संभव नभएका बाहेक सबै बस्तिलाई आधा घण्टाभित्रको दूरीमा सडकमा पहुँच पुर्‍याउने
- स्थानीय, प्रदेश तथा सङ्घीय सरकारको सहकार्यमा मुख्य सहरी क्षेत्रमा सहज, सुलभ र भरपर्दो सार्वजनिक यातायात सेवाको प्रबन्ध गर्ने, सार्वजनिक यातायात व्यवस्थापनमा डिजिटल प्रणाली लागू गरिने छ
- सार्वजनिक यातायातमा विद्युतीय सवारी साधनलाई प्रोत्साहित गरि सहरलाई प्रदुषणमुक्त तुल्याउने।

## १३ भूमिगत तार: सहर बजार



- प्रमुख सहरको सौन्दर्यका लागि विद्युत लाइन, टेलिफोन लाइन, खानेपानीका पाइप, दूरसञ्चार सेवाका तारहरू, केवल टिभी आदि भूमिगत गर्ने

- समयमा नै मर्मत सम्भार गर्ने र सूचना प्रविधिका माध्यमबाट चुहावट नियन्त्रण गर्ने
- प्रादेशिक राजधानीहरुको गुरु योजना बनाई कार्यान्वयनमा लैजाने ।





## १४ नो लाइन : सेवा अनलाइन

- २ वर्षभित्रमा स्थानीय तहका सबै प्रशासकीय भवनको निर्माण सम्पन्न गर्ने
- डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गरी अनलाइन मार्फत सरकारी सेवा उपलब्ध गराउने
- स्थानीय तहमा पञ्जिकरणसँग सम्बन्धि सबै शुल्क नि:शुल्क गर्ने ।




## १५ ५ लाख रोजगार: न्यूनतम ज्याला २५ हजार

- गर्भावस्थामा पोषण र स्वास्थ्य परिक्षण, बाल्याअवस्थामा बालसंरक्षण अनुदान, विद्यालय उमेरमा निशुल्क शिक्षा र दिवा खाजा, वयस्क उमेरमा कामको ग्यारेन्टी र न्यूनतम ज्याला, वृद्ध अवस्थामा सामाजिक सुरक्षा भत्ताको प्रवन्ध गरी गर्भावस्था देखि वृद्धावस्थासम्म सबै नागरिकलाई राज्यद्वारा सुरक्षा उपलब्ध गराउने
- जेष्ठ नागरिक, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जाति तथा लक्षित वर्ग र क्षेत्रका बालबालिका गरी ५ वर्षमा ६० लाखलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने
- स्वदेश तथा विदेशमा, ज्याला रोजगारी तथा स्वरोजगारीमा रहेका सबैलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा समेट्ने । यो संख्या औपचारिक क्षेत्रका सवै र अनौपचारिक क्षेत्रका ७५ प्रतिशत हुने
- आर्थिक वृद्धिका आधारमा सबै प्रकारका भत्ता वृद्धि गर्ने
- ५ बर्षमा मासिक न्यूनतम ज्याला रु २५ हजार पुऱ्याउने ।




## १६ समृद्धिसङ्गको नाता: सबैको बैंक खाता

- २ वर्षमा सबैको बैंक खाता भएको हुने
- ५ वर्षमा सबै वयस्क व्यक्तिलाई कुनै न कुनै ब्याङ्क, सहकारी, लघुवित्त लगायतका वित्तीय कारोवारमा जोड्ने

- सबै साना किसान तथा साना व्यवसायीलाई लघुविमा सेवा उपलव्ध गराउने
- उद्यमशलितमा जोडिन चाहने नागरिकलाई सहुलियतपूर्ण व्याजदरमा ऋण उपलब्ध गराउने
- सहकारी संस्थाका सदस्यहरु १ करोड र सहकारीवाट परिचालन गर्ने वचत रु १० खर्व पुऱ्याउने ।

## १७ स्वस्थ महिनाबारी : १५ सय बर्षभरी



- महिनावारी हुने उमेर समूहका देशभित्रका संपूर्ण महिलाका लागि स्यानिटरी प्याड खरिदको लागि बार्षिक रु १ हजार ५ सय उपलब्ध गराउने
- प्रसुति हुने सबै महिलाको गर्भावस्थाको नियमित स्वास्थ्य जाँच तथा दक्ष स्वास्थ्यकर्मीको सहयोगमा स्वास्थ्य संस्थावाट प्रसुति सेवाको ग्यारेण्टी गर्ने
- ग्रामीण तथा दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको नि:शुल्क आपतकालिन उद्धार गर्न एयर एम्बुलेन्स र एम्बुलेन्सको व्यवस्था गर्ने ।

## १८ फाइभ जी सञ्चार: आइटीमा चमत्कार





- सुचना तथा संचार सुविधा सस्तो, सहज र भरपर्दो बनाउने
- अप्टिकल फाइवर विछयाउने काम सम्पन्न गरी सुचना प्रविधिमा फाइभ जी प्रबिधिको सुविधा उपलब्ध गराउने
- विद्यालय, अस्पताल, सरकारी कार्यालय, वित्तीय संस्था, सपिंग कम्प्लेक्स, लगायत सार्वजनिक सेवा प्रवाह हुने सार्वजनिक स्थलहरुमा ब्रोडव्याण्ड इन्टरनेट सुविधा निशुल्क गर्ने
- कृषिकार्य, वजार मुल्य सुचना, रोजगारीका अवसर, राज्यले दिने सहुलियत तथा सुविधा, जनस्वास्थ्य, मौसम, तथा विपद् सम्वन्धित जानकारी नियमित रुपमा मोवाइल एप मार्फत उपलव्ध गराउने
- नागरिक सुरक्षाका लागि सहरी सडक तथा सार्वजनिक स्थलमा सिसिक्यामेरा जडान गर्ने ।

## १९ हामी सामाजिक : सभ्य नागरिक



- बालबालिका माथिको दुर्व्यवहार, महिला हिंसा, मानव बेचबिखन, बलात्कार, घरायसी लेनदेनमा मिटर व्याजी शोषण, बँधुवा श्रम, छुवाछुत, गुण्डागर्दी, लागु पदार्थ दुर्व्यसन, छाउपडी, दाइजो तथा तिलक प्रथा लगायतका सामाजिक विकृति र शोषणका सबै रुपको सारभूत रुपमा अन्त्य गरि सभ्य समाजको निर्माण गर्ने।

## २० हाम्रो अर्थः १०० खर्ब



- कृषिको व्यावसायीकरण गर्ने
- साना, मझौला तथा ठूला उद्योगको विस्तारबाट राष्ट्रिय आयमा उल्लेख्य वृद्धि गर्ने
- पर्यटनमा आधारित सेवा क्षेत्रको विस्तार गर्ने
- नेपाल भ्रमण गर्ने विदेशी पर्यटकको संख्या ५ बर्षभित्र बार्षिक २५ लाख पुऱ्याउने
- ५ वर्षभित्र कुल गार्हस्थ उत्पादन (जिडिपी) रू. १०० खर्ब पुऱ्याउने, नेपालीको औसत प्रतिव्यक्ति आम्दानी रु ३ लाख (२४०० अमेरिकी डलर) पुऱ्याउने।

